# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०५।१२ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

भीमदत्त नगरपालिका, कन्चनपुरले आ.व. २०७६/०७७ मा प्रकृतिक स्रोतबाट (नदीजन्य) प्राप्त हुने आयको ठेक्कामा बोलपत्रको सम्झौता अनुसार प्राप्त गर्नुपर्ने आयमा नियम बिपरीत छुट दिएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **भीमदत्त नगरपालिकाका तत्कालीन नगरप्रमुख सुरेन्द्र बहादुर बिष्ट र तत्कालीन नि.प्रमुख प्रशासकीय अधिकृत हरिदत्त जोशीले** भीमदत्त नगरपालिका, कन्चनपुरले आ.व. २०७६/०७७ मा महाकाली नदीजन्य पदार्थको (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र माटो) रोयल्टी शुल्क उठाउने ठेक्का नं. १७/रोयल्टी/०७६/७७ ठेक्कामा सम्झौता पछि नगरकार्यपालिकाको कार्यालयलाई बुझाउनपर्ने ठेक्का रकममा कुनै किसिमको छुट वा मिनाहाको लागि दावी गर्न पाईने छैन र ठेक्का कवोल गरी सम्झौता भएबमोजिमको रकममा कुनै कारण देखाई वा नदेखाई कुनै किसिमको मिनाह दिईने छैन भन्ने अवस्था विद्यमान हुँदाहुँदै नगरप्रमुख सुरेन्द्र बहादुर विष्टको अध्यक्षतामा नगरसभाको निर्णयले राजस्वमा छुट दिने मनसायले ५ सदस्यीय कार्यदल गठन गरी सोही कार्यदलको सिफारिसको आधारमा मु.अ. करसमेत रु.१,३४,९७,४५३।८७ बराबरको रकम छुट दिने निर्णय अनुमोदन गरी ठेक्का सम्झौता अनुसार राजस्व नउठाई नेपाल सरकार र प्रदेश सरकारको स्वीकृति बिना रु.१,३४,९७,४५३।८७ भीमदत्त नगरपालिका र नेपाल सरकारले पाउने राजस्वमा चुहावट गरी भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि भएकोले निजहरु सुरेन्द्र बहादुर विष्ट र हरिदत्त जोशीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) र (ख) बमोजिमको कसूरमा विगो रु.१,३४,९७,४५३।८७ (एक करोड चौतीस लाख सन्तानव्वे हजार चार सय त्रिपन्न रुपैयाँ पैसा सतासी) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रु.१,३४,९७,४५३।८७ को दोव्वर जरिवाना हुनसमेत सजायको मागदावी लिइएको छ।

**भीमदत्त नगरपालिकाको तत्कालीन राजस्व छुटको लागि गठित कार्यदलका संयोजक तथा सदस्यहरु तत्कालीन वडा नं. १७ का वडा अध्यक्ष हिमाल बहादुर चन्द, इन्जिनियर हिमालय सिंह ऐर, लेखा अधिकृत गोबिन्द उपाध्याय, लेखा अधिकृत (छैटौ) बिक्रम भण्डारी र नायव सुव्वा नरेन्द्र देव भट्टले** उक्त ठेक्का सम्बन्धमा कोरोना भाइरस रोगको रोकथाम तथा नियन्त्रणका लागि सरकारी कार्यालयबाट अत्यावश्यक सेवा बाहेक अरु सेवासमेत बन्द भएको अवस्थामा राजस्वसँग सम्बन्धित ठेक्का बन्दोबस्ती गरी ठेक्कामा लगाइएका ठेक्काको कर तथा जरिवाना छुट सम्बन्धमा भवानी कन्स्ट्रकसन प्रा.लि.ले उत्खनन् गरेको परिमाण र उत्खनन् गर्न बाँकी परिमाणसमेतको नापजाँच हिसाव किताब गरी राजस्व छुट दिन नमिल्ने प्रतिवेदन गर्नुपर्नेमा संघीय आर्थिक ऐन तथा प्रदेश आर्थिक ऐन बिपरीत उल्लिखित प्रावधानलाई वेवास्ता गरी संवैधानिक तथा कानूनी क्षेत्राधिकार बाहिर गई राजस्व रकममा ८३ दिनको मु.अ. करसमेत रु.१,३४,९७,४५३।८७ छुट दिन सक्ने भन्ने प्रतिवेदन पेश गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) र (ख) बमोजिमको कसुर गरेको पुष्टि भएकोले निजहरु हिमाल बहादुर चन्द,

हिमालय सिहं ऐर, गोबिन्द उपाध्याय, नरेन्द्र देव भट्ट र बिक्रम भण्डारीलाई रु.१,३४,९७,४५३।८७ (एक करोड चौतीस लाख सन्तानव्वे हजार चार सय त्रिपन्न रुपैयाँ पैसा सतासी) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रु.१,३४,९७,४५३।८७ को दोव्वर जरिवानाको सजाय हुन एवं निजहरु **हिमाल बहादुर चन्द, हिमालय सिहं ऐर, गोबिन्द उपाध्याय, नरेन्द्र देव भट्ट र बिक्रम भण्डारी**ले यथार्थरुपमा जाँचबुझ गरी राजस्व छुट दिन नमिल्ने प्रतिवेदन गर्नुपर्नेमा सो नगरी संवैधानिक तथा कानूनी क्षेत्राधिकार बाहिर गई संघीय सरकार तथा प्रदेश सरकारको समेत राजस्वमा असर हुने गरी घटी राजस्व असुल गर्न गराउनको लागि राजस्व रकममा ८३ दिनको छुट दिन सकिने भन्ने गलत प्रतिवेदन नगरपालिकामा पेश गरेको हुँदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) वमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुनसमेतको मागदाबी लिइएको छ।

**श्री भवानी कन्स्ट्रक्शन प्रा.लि.को संचालकहरु ईश्वरी प्रसाद भट्ट, केशव राज भट्ट, पुष्पराज भट्ट, ईश्वरी प्रसाद भट्टको नजिकको हकदार श्रीमती खगेश्वरी भट्ट र श्री भवानी कन्स्ट्रक्शन प्रा.लि. कन्चनपुरको हकमा उक्त** ठेक्कामा आफूले गरेको सम्झौता र वोलपत्रको शर्त विपरीत नगरपालिकासँगको मिलेमतोमा मु.अ. करसमेत रु.१,३४,९७,४५३।८७ छुट गर्ने निर्णय गर्न लगाई राजस्व चुहावटमा मतियार भई निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) र (ख) बमोजिमको कसुरमा सोही ऐनको दफा २२ बमोजिम मतियारको कसुर गरेको पुष्टि भएकोले निजहरु इश्वरी प्रसाद भट्ट, केशव राज भट्ट,, पुष्पराज भट्ट र भवानी कन्स्ट्रक्शन प्रा.लि. को हकमा मुख्य कसुरदारसँग मागदावी लिएको जम्मा विगो रु.१,३४,९७,४५३।८७ (एक करोड चौतीस लाख सन्तानव्वे हजार चार सय त्रिपन्न रुपैयाँ पैसा सतासी) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरेबमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) ले हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य प्रतिवादीहरुलाई हुने सजाय सरह सजाय हुन साथै मु.अ. करसमेत रु.१,३४,९७,४५३।८७ भीमदत्त नगरपालिका र नेपाल सरकारलाई हानि पुऱ्याउने प्रतिवादी ईश्वरी प्रसाद भट्टको मृत्यु भइसकेको देखिएकोले अपराधीसँगै अपराध मर्दछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्वान्त एवं मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) सहितको कानूनी व्यवस्थाबमोजिम निजलाई कैद सजाय हुन नसक्ने तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ उपदफा (२) र दफा १५८ उपदफा (२) बमोजिम मरेको व्यक्तिको हकमा समेत सरकारी वा निजी बिगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानूनी व्यवस्था अनुसार ईश्वरी प्रसाद भट्टको मृत्यु भइसकेकोले प्रचलित कानुनबमोजिम निजको हक खाने अंशियार निजको श्रीमती खगेश्वरी भट्टबाट विगो रु.१,३४,९७,४५३।८७ असुलउपर गर्ने प्रयोजनार्थ मात्र मागदाबी लिइएको छ।

प्रवक्ता
भोला दाहाल